नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# मुद्रण विभाग

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८१/८२

च.नं. :- ३३८

मिति :- वि.सं. २०८२/०१/०८

विषयः स्वतः प्रकाशन तथा प्रगति विवरण सम्बन्धमा ।

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं
प्रेस तथा सूचना समन्वय शाखा

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम यस विभागको आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक (माघ-फागुन-चैत) अवधिको स्वतः प्रकाशन तथा प्रगति विवरण यसै पत्रसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

...................................

(विमला कोइराला)

मुद्रण अधिकृत

फोन नं.: ०१४२११७६४, ०१४२११६९५, ०१४२११६२२, ०१४२११८२०, ०१४२११७४९, ०१४२११७८३, इमेल : info@dop.gov.np / departmentofprinting@gmail.com

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८१ साल माघ १ गते देखि २०८१ साल चैत मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)


नेपाल सरकार

सञ्चार तथा सूचना प्रबिधि मन्त्रालय

## मुद्रण विभाग

सिंहदरबार, काठमाडौं

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सोही नियमावलीको नियम ३ अनुसारको प्रयोजनको लागि यस विभागसँग सम्बन्धित तेस्रो त्रैमासिक २०८१ माघ, फागुन र चैत महिनासम्मका सूचनाहरु उक्त ऐनको दफा ५ को उपदफा (४) बमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ।

## (क) विभागको स्वरुप र प्रकृति

मुद्रण विभाग सञ्चार तथा सूचना प्रविधी मन्त्रालय अन्तर्गत नेपाल सरकारको आधिकारीक छापाखानाको रुपमा मुद्रण सम्बन्धी कार्य गर्ने केन्द्रीयस्तरको निकाय हो। मुद्रण विभागले ऐन, गठन आदेश, नियम, नेपाल सरकारका निर्णय नेपाल राजपत्रमा प्रकाशन गर्दै आईरहेको छ ।

नेपाल सरकारको बजेट वक्तव्य, आय व्यय विवरण, आर्थिक सर्वेक्षण, आर्थिक विधेयक, भिजा स्टिकर, वैदेशिक रोजगार अनुमति स्टिकर, (Foreign Employment Permit), नेपाली नागरिकता प्रमाणपत्र, NTC रिचार्ज कार्ड, राज्य सुविधा परिचय-पत्र, विश्वविद्यालयका प्रश्नपत्र, शैक्षिक उपाधी प्रमाणपत्र, राजस्व रसिद, संवैधानिक निकायका वार्षिक प्रतिवेदन, राष्ट्र प्रमुख र सरकार प्रमुखको गोप्य कार्यक्रम तालिका, छपाई गर्नुका साथै सरकारी, अर्धसरकारी निकायबाट अनुरोध भई आउने छपाइसामग्री तोकिएको समय, परिमाण र गुणस्तरमा सेवा प्रवाह गरेको छ भने अर्कोतर्फ विभिन्न निकायबाट सोधनी भइ छपाइसम्बन्धी राय, सुझाव र मुद्रण प्रविधिसम्बन्धी बिशेषज्ञ सेवा उपलब्ध गराउँदै आएको छ ।

## (ख)विभागको काम, कर्तव्य र अधिकार

मुद्रण विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएका छन् ।

(क) नेपाल राजपत्रको प्रकाशन तथा वितरण गर्ने ।

(ख)नेपाल सरकार, सरकारी-अर्धसरकारी निकायका छपाइसामाग्री गोपनीयता कायम गर्दै तोकिएको समय, परिमाण र गुणस्तरमा छपाई गर्ने।

(ग) सुरक्षण मुद्रण कार्यलाइ विश्वसनीय र भरपर्दो तुल्याउने ।

## (ग) विभागमा कार्यरत कर्मचारी संख्या र कार्य विवरण

| क्र. सं. | पदनाम | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | १ | १ | ० | ० | |
| २ | निर्देशक | १ | १ | ० | ० | |
| ३ | बरिष्ठ मुद्रण अधिकृत | १ | १ | ० | ० | |
| ४ | शाखा अधिकृत | २ | ३ | ० | ० | क) १ जना सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट थप जिम्मेवारीमा<br>ख) १ जना निलम्बनमा |
| ५ | लेखा अधिकृत | १ | १ | ० | ० | |
| ६ | मेकानिकल इन्जिनियर | १ | ० | १ | ० | रिक्त १ पद लोक सेवा आयोगमा पदपूर्तिका लागि माग भएको |

मुद्रण अधिकृत

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मुद्रण विभाग सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | मुद्रण अधिकृत | ११ | ८ | ३ | ० | |
| ८ | कला अधिकृत | १ | ० | १ | ० | सरुवा भई रिक्त भएको |
| ९ | नायव सुब्बा | ३ | ३ | ० | ० | |
| १० | लेखापाल | १ | १ | ० | ० | |
| ११ | बरिष्ठ मुद्रण सहायक | २८ | २६ | २ | ० | क) २ जना सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूको निजी सचिवालयमा काज<br>ख) रिक्त २ पद लोक सेवा आयोगमा पदपूर्तिका लागि माग भएको |
| १२ | सिनियर इलेक्ट्रिसियन | १ | १ | ० | ० | |
| १३ | सिनियर मेकानिक्स | १ | ० | १ | ० | |
| १४ | कम्प्युटर अपरेटर | ३ | ३ | ० | ० | १ जना श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूको निजी सचिवालयमा काज |
| १५ | प्लम्बर | १ | ० | १ | ० | |
| १६ | खरिदार | २ | २ | ० | ० | |
| १७ | मुद्रण सहायक | ३१ | २४ | ७ | ० | रिक्त २ पद लोक सेवा आयोगमा माग भएको, पदपूर्ती हुन बाँकी |
| १८ | हेभी सवारी चालक | १ | १ | ० | ० | करार सेवामा कार्यरत रहेको |
| १९ | हलुका सवारी चालक | २ | २ | ० | ० | करार सेवामा कार्यरत रहेको |
| २० | कार्यालय सहयोगी | १५ | १४ | १ | ० | ग) १ जना श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूको निजी सचिवालयमा काज<br>घ) १ जना श्री सुरक्षण मुद्रण केन्द्र काज |
| | **जम्मा** | १०८ | ९१ | १७ | ० | |

**(घ) विभागबाट प्रदान गरिने सेवा**

विभागले नेपाल सरकारको सरकारी निकायहरुको छपाई सामाग्रिसम्वन्धी सेवा, सुरक्षण मुद्रण सेवा, मिति २०७८/११/१६ मा प्रकाशित राजपत्र वमोजिम मिति २०७८/११/१९ देखि हप्ताको दुई पटक सोमबार र बिहीबार राजपत्रको प्रकाशन गरी २४ घण्टा भित्र विभागको वेवसाइटमा अद्यावधिक गर्नुका साथै उक्त राजपत्र छपाइ गरी समयमै वितरण लगायतका सेवाहरु प्रदान गर्दै आएको छ ।

**(ङ) सेवा प्रदान गर्ने शाखा/एकाई र जिम्मेवार अधिकारी**

| क.सं. | शाखा तथा इकाई | पद | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १. | प्रशासन तथा व्यवस्थापन शाखा | निर्देशक | श्री दुर्गा प्रसाद भूर्तेल |
| २. | मर्मत तथा संभार शाखा | बरिष्ठ मुद्रण अधिकृत | श्री पद्मराज पाठक |
| ३. | आर्थिक प्रशासन एकाई | लेखा अधिकृत | श्री सन्तोषी के.सी. |
| ४. | प्रशासन तथा योजना एकाई | शाखा अधिकृत | श्री प्रेमचन्द्र अर्याल |
| ५. | खरिद तथा भण्डार एकाई | शाखा अधिकृत | श्री बालकृष्ण अधिकारि |

मुद्रण अधिकृत

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मुद्रण विभाग सिंहदरबार, काठमाडौं

| क्र.सं. | शाखा तथा इकाई | पद | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| ६. | राजपत्र सम्पादन एकाई | मुद्रण अधिकृत | श्री राजाराम बिडारी |
| ७. | मुद्रण प्रबन्ध एकाई | मुद्रण अधिकृत | श्री दिपक प्रसाद न्यौपाने |
| ८. | अफसेट प्रेस एकाई | मुद्रण अधिकृत | श्री बिमला कोइराला |
| ९. | राजपत्र वितरण एकाई | मुद्रण अधिकृत | श्री गिता घिमिरे |
| १०. | सुरक्षण मुद्रण एकाई | मुद्रण अधिकृत | - |
| ११. | कला तथा डिजाइन एकाई | कला अधिकृत | - |
| १२. | मर्मत एकाई | मुद्रण अधिकृत | श्री सुनिता रेग्मी |
| १३. | विद्युतीय अभिलेख एकाई | मुद्रण अधिकृत | श्री राजाराम बिडारी |
| १४. | बाईण्डिङ् एकाई | मुद्रण अधिकृत | श्री रविन्द्रमान महर्जन |
| १५. | प्रोसेस तथा सि.टि.पि. एकाई | मुद्रण अधिकृत | श्री बिमला कोईराला |

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

(क) विभागवाट दिईने सेवाका लागि लाग्ने दस्तुर र अवधिका लागि विभागको मुद्रण महशुल दररेट, २०८० भदौ १ गते देखि लागु गरिएको र त्यस पछि कुनै परिवर्तन नभएको ।

(ख) मिति २०७९/१२/१२ को विभागीय निर्णयानुसार सम्वत् २०८० बैशाख १ देखि लागुहुने गरी नेपाल राजपत्रको दररेट पुनरावलोकन गरी वेवसाईटमा अद्यावधिक गरिएको।

(ग) सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ ले तोके बमोजिमको दस्तुर र सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ मा तोकेको अवधि बमोजिम ।

**(छ) निर्णय गर्ने प्रकृया र अधिकारी**

सम्बन्धित शाखा/इकाइबाट आवश्यक कारबाहीको लागि पठाईने र विभागका महानिर्देशकले कारबाही प्रकृया अगाडी बढाउने ।

**(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

विभागका महानिर्देशक,
श्री गोपाल कोइराला (फोनः ०१-४२११६९५) ।

**(झ) सम्पादन गरेको कामको विवरण**

**नेपाल राजपत्रको सम्वत् २०८१ माघ १ देखि २०८१ चैत मसान्तसम्म नियमित संख्या १७ वटा र अतिरिक्ताङ्क २४ वटा प्रकाशन गरिएको छ।**

**(क) प्रकाशित राजपत्रहरूमध्ये संख्या ४८ देखि संख्या ६४ सम्म १७ वटा संख्याको ८०० प्रतिका दरले १३,६०० थान नेपाल राजपत्रको संख्या छपाइ भएको।**

**(ख) प्रकाशित २४ वटा अतिरिक्ताङ्कहरू मध्ये १५ वटा अतिरिक्ताङ्कको ८०० प्रतिका दरले १२,००० थान र ९ वटा अतिरिक्ताङ्कको १,००० प्रतिका दरले ९,००० थान गरि जम्मा २१,००० थान नेपाल राजपत्रको अतिरिक्ताङ्क छपाइ भएको।**

**(ग) समग्रमा संख्या १७ वटा र अतिरिक्ताङ्क २४ वटाको ३४,६०० थान नेपाल राजपत्र छपाइ भएको।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
मुद्रण विभाग
सिंहदरबार, काठमाडौं

मुद्रण अधिकृत

(घ) अन्य छपाइ सम्बन्धी कार्यहरू देहाय बमोजिम भएका छन् ।

| क.स. | पत्र मिति | अनुरोध गर्ने निकाय | बिषय | छपाई प्रति |
|---|---|---|---|---|
| १ | २०८१/१०/०४ | पशु स्वास्थ्य परिषद् | मतपत्र छपाई | ३३,००० |
| २ | २०८१/१०/०४ | राजस्व अनुसन्धान विभाग | स्टिकर छपाई | १०,००० |
| ३ | २०८१/१०/०७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राजत्र अतिरिक्ताङ्क ४९ | ६०० |
| ४ | २०८१/१०/०९ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सहकारी ऐन | ४०० |
| ५ | २०८१/१०/१३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सामाजिक सञ्जाल विधेयक | ६५० |
| ६ | २०८१/१०/१३ | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | अध्यादेश | ४०० |
| ७ | २०८१/१०/१५ | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | अध्यादेश | ५०० |
| ८ | २०८१/१०/१५ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राज्य सुविधा परिचयपत्र | २७३,०८२ |
| ९ | २०८१/१०/१६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | गरिबी सूतीकृत पुस्तिका | ५९३ |
| १० | २०८१/१०/२० | नेपाल नोटरी पब्लिक परिषद् | लेटरहेड | २००,००० |
| ११ | २०८१/१०/२२ | सूचना तथा प्रसारण विभाग | नेपाल द्वैमासिक पत्रिका | ५०० |
| १२ | २०८१/१०/२३ | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | सम्माननीय प्रधानमन्त्रीको सम्बोधन | २,००० |
| १३ | २०८१/१०/२३ | काठमाडौं महानगरपालिका | प्रवेश टिकट रु १००० | १००,००० |
| १४ | २०८१/१०/२४ | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | सम्माननीय प्रधानमन्त्रीको सम्बोधन | १,००० |
| १५ | २०८१/११/२३ | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | सुशासन विधेयक | ४०० |
| १६ | २०८१/११/२३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सहकारी विधेयक | ५०० |
| १७ | २०८१/११/२६ | भरतपुर महानगरपालिका | प्रश्नपत्र छपाई | ५३,२०० |
| १८ | २०८१/१२/०५ | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | बार्षिक प्रतिवेदन | ७०० |
| १९ | २०८१/१२/०८ | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | प्रतिभा पुरस्कार | ३०० |
| २० | २०८१/१२/१७ | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | आर्थिक अवस्था | ५,००० |
| २१ | २०८१/१२/२६ | परराष्ट्र मन्त्रालय | भ्रमण पुस्तिका | ५० |

**(ञ)सूचना अधिकारी र प्रमुखकको नाम र पद**


श्री बिमला कोईराला – मुद्रण अधिकृत

ईमेल: bimalapoudel15@gmail.com


नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मुद्रण विभाग सिंहदरबार, काठमाडौं

मुद्रण अधिकृत

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सुची

(क) छापाखाना र प्रकाशन ऐन,२०४८

(ख) सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१

(ग) निजामती सेवा ऐन,२०४९ र निजामती सेवा नियमावली,२०५०

(घ) सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४

(ङ) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७

(च) सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन,२०६४ तथा नियमावली,२०६४

(छ) सूचनाको हक सम्वन्धी ऐन,२०६४ र सूचनाको हक सम्वन्धी नियमावली २०६५

(ज) मुद्रण सम्वन्धी नियमहरु,२०५५

(झ) मुद्रण विभागको निर्देशिका,२०७०

(ञ) मुद्रण विभागको आन्तरिक नियन्त्रण कार्यप्रणाली, २०७८

(ट) नेपाल राजपत्रलाई अद्यावधिक गर्ने र वेवसाईटमार्फत प्रकाशन गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७३

(ठ) मुद्रण विभागको आन्तरिक नियन्त्रण कार्यप्रणाली, २०७८

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

(क) आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिकमा सङ्कलन भएको राजस्वको विवरण:

| क्र.सं. | निकाय | तेस्रो त्रैमासिकमा सङ्कलन भएको राजस्व रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | मुद्रण विभाग | ८६७५७५६.०० | २०८२ चैत मसान्तसम्म सङ्कलन भएको जम्मा राजस्व रकम रु. १०,३४७,०६८/- |

(ख) आर्थिक वर्ष २०८१/०८२ मा वार्षिक विनियोजन र खर्चको विवरण:

*(नेपाल सरकारबाट विनियोजित बजेटतर्फ : LMBIS मा समावेश भएको)*

तेस्रो त्रैमासिक विवरण

| विवरण | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा (रु लाखमा) |
|---|---|---|---|---|
| विनियोजन | ९६५ | ११० | - | १०७५ |
| खर्च | २५६.५५६ | - | - | २५६.५५६ |
| खर्च प्रतिशतमा | २६.८३ | - | - | २३.८७ |

(ग) प्रत्येक महिनामा विनियोजन राजश्व र धरौटीको फाँटवारी तयार गरी प्रतिवेदन गर्ने गरिएको।

मुद्रण अधिकृत

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मुद्रण विभाग सिंहदरबार, काठमाडौं

**(ड) विभागले गरेका कार्यक्रम र सो को प्रतिवेदन**

(क) सुरक्षित छपाई सम्बन्धी कार्यहरु ।

(ख) नियमित प्रकाशन गर्ने गरेको छ ।

**(ढ) विभागमा परेको सूचना माग र सूचना दिएको विषय**

१. यस अवधिमा टेलिफोनबाट सोधनी भएका सूचना मौखिक रुपमा जानकारी प्रदान गरिएको छ ।

२. सूचनाको हक सम्बन्धि ऐन, २०६४ दफा ३ अनुसार मिति २०८१/१०/२३ मा श्री दिपक बहादुर विश्वकर्मा (मो.नं. ९८६१९७१८४३) ले माग गर्नुभएको जानकारीको विवरण मिति २०८१/११/४ गते प्रदान गरिएको छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
मुद्रण विभाग
सिंहदरबार, काठमाडौं

मुद्रण अधिकृत

# मुद्रण बिभाग, सिंहदरबार, काठमाडौं

ईमेल ठेगानाः info@dop.gov.np र departmentofprinting@gmail.com
वेवसाइटः www.dop.gov.np
फोन नं. ०१-४२११६९५

सम्बत २०८१ साल बैशाख महिना ८ गते

*नोटः प्रस्तुत विवरण मुद्रण विभाग, सिंहदरबार, काठमाडौंको वेवसाइटः www.dop.gov.np मा समेत हेर्न सकिन्छ ।*

मुद्रण अधिकृत

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
मुद्रण विभाग
सिंहदरबार, काठमाडौं